# अरुण गाउँपालिकाको
# आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७/०६/१२

प्रस्तावना : लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले वित्पन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित, बेचविखनमा परेका महिला, बालबालिका, वित्पन्न अशक्त अपाङ्ग, अपाङ्ग,प्राकृतिक प्रकोप वा आकस्मित दुर्घटनामा परेका नागरिक, वेवास्तामा परेका जेष्ठ नागरिक तथा विभिन्न सामाजिक, शैक्षिक, साँस्कृतिक महत्वका क्रियाकलापहरुको सञ्चालन, प्रवर्द्धन गर्न साथै स्थानीय र राष्ट्रिय हित प्रवर्धन गर्न उल्लेखनीय भूमिका खेल्ने सामाजका प्रतिष्ठित व्यक्तिहरुलाइ विनियोजित शीर्षकबाट आवश्यक सहयोग गर्ने सम्बन्धी कानून बनाउन बाञ्छनीय भएकोले "अरुण गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७" को दफा २७ ले दिएको अधिकार प्रयोग गरी अरुण गाउँकार्यपालिका ले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम अरुण गाउँपालिका "आर्थिक सहयोग उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** :– विषय प्रसंगले अर्को अर्थ नलागेमा,

(क) **"गाउँ पालिका"** भन्नाले अरुण गाउपालिकालाई सम्झनु पर्छ ।

(ख) **"गाउकार्यपालिका"** भन्नाले अरुण गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"विपन्न सहयोग पाउन योग्य व्यक्ति"** भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका, असाध्य रोगलागेका व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वाबेवारिसे अवस्थामा फेला परेका, जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मांनसिक यातना वा भेदभाव जस्ता दुरब्यवहारबाट पिडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा अन्य कारणले वेवारिसे रहेको, बेचविखन वा मानव ओसारपसारमा परेको, बाबु आमाको संरक्षकबाट वञ्चित, अपांगता भएको, अपहरण वा शरीर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ) **"महत्वका क्रियाकलाप"** भन्नाले स्थानीय वा राष्ट्रिय महत्वका कार्य सञ्चालन गर्न राष्ट्रिय तथा स्थानीयस्तरमा सञ्चालन हुने क्रियाकलापहरुलाई सम्झनुपर्दछ ।

(ङ) **"प्रतिष्ठित महानुभाव"** भन्नाले समाजमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरुलाई सम्झनुपर्दछ ।

(च) **"अध्यक्ष"** भन्नाले अरुण गाउपालिकाको अध्यक्षलाइ सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

(छ) **"न्यायिक समिति"** भन्नाले अरुण गाउँपाललिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ज) **"उपाध्यक्ष"** भन्नाले अरुण गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अरुण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) **"वडा अध्यक्ष"** भन्नाले अरुण गाउँपालिकाको वडाहरुका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) **"आर्थिक सहयोगवापत उपलब्ध गराउने रकम"** भन्नाले अनुसूची- २ बमोजिमको रकम सम्झनु पर्दछ ।

(ढ) **"असाध्य रोग"** भन्नाले मिर्गौला, मुटु, क्यान्सर, अल्जाइमर, पार्किन्सन्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी तथा सिक्कलसेल एनेमिया जस्ता आठ वटा कडा रोग सम्झनु पर्दछ ।

(ण) **"प्राकृतिक प्रकोप वा आकस्मिक दुर्घटना"** भन्नाले आगलागीहुनु वा पर्नु, चटयङमा पर्नु, करेन्ट लाग्नु, पानीमा डुब्नु, खोलाले बगाउनु, सडक दुर्घटनामा पर्नु, रुख वा भिरबाट खसेर लड्नु जस्ता प्राकृतिक वा मानवीय कारणले हुने अंग भंग वा मृत्यूबाट हुने आर्थिक वा मानवीय क्षतीलाइ सम्झनु पर्दछ ।

## परिच्छेद- २

## विपन्न सहायता सम्बन्धी मापदण्ड

३. **असाध्य रोगी तथा क्यान्सर पीडितलाई आर्थिक सहायता** :– (१) विपन्न सहायता पाउन योग्य मिर्गौला, मुटु, क्यान्सर, अल्जाइमर, पार्किन्सन्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी तथा सिक्कलसेल एनेमिया जस्ता आठ वटा कडा असाध्य प्रकृतिका रोग र क्यान्सर पीडित व्यक्तिले यस अघि कुनै सरकारी निकायबाट सहयोग प्राप्त नगरेको व्यहोरा खुलाई सहायता प्राप्त गर्नको लागि अनुसूची - १ बमोजिमका कागजात सहित गाउपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन

(२) नियम ३(१) बमोजिम प्राप्त निवेदन माथि सम्बन्धित वडा समितिले आवश्यक छानविन गरी निवेदकको व्यहोरा यथार्थ परक देखिएमा नेपाल सरकार, प्रदेश सरकार वा अन्य सरकारी निकायबाट सहयोग नपाएको वा अति न्यून पाएकाहरुलाई आर्थिक सहायता दिन तथा विरामीको अवस्था हेरेर सम्बन्धित निकायबाट निःशुल्क उपचार गर्न समेत अध्यक्ष समक्ष सिफारिस गर्न सकिनेछ ।

(३) नियम ३(२) बमोजिमको सिफारिस वा उल्लिखित व्यहोरा आफैंले प्रमाणित गरी त्यस्ता विपन्न व्यक्तिलाई अनुसूची - २ बमोजिम गाउँपालिकाले आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई आर्थिक सहायता तथा पुनरर्थापना** :– (१) घरेलु हिंसा, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि आवश्यक व्यवस्थापन गर्न वा न्यायिक समितिको काम कार्वाहीको क्रममा आई परेको विशेष परिस्थितिमा न्यायिक समितिले पीडितलाई न्याय दिलाउन एवं पुनरर्स्थापनको लागि गाउँपालिकास समक्ष सहायताको लागि सिफारिस गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) नियम ४ (१) को सिफारिसको आधारमा त्यस्ता व्यक्तिलाई गाउँपालिकाले अनुसूची - २ बमोजिम आर्थिक सहायता रकम उपलब्ध गराउन सक्नेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई आर्थिक सहायता** :- (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुरव्यवहारबाट पीडित, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कारणले वेवारिसेरहेको, यौन शोषण, यौन दुरव्यवहार, मानव बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षको सिफारिसमा गाउपालिकाले आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका बालबालिका जिम्मा जमानी लिने माथवर ब्यक्ती फेला नपरेमा बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको लागि संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ।

६. **गर्भवती महिला तथा सुत्केरी स्याहार कार्यक्रम आर्थिक सहायता** :- (१) गर्भवती महिला एवं सुत्केरी आमाको पालनपोषणको लागि सुत्केरी हुँदा सम्बन्धित वडा समितिको सिफारिसको आधारमा गाउँपालिकाले अनुसूची - २ बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ । तर दुई पटकभन्दा बढि गर्भवती हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन ।

(२) नियम ६(१) बमोजिम सहायता पाउन गर्भवती महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारका कुनै सदस्य मार्फत् आवश्यक कागजात सहित गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन्

७. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई आर्थिक सहायता** :- ७० वर्ष उमेर पुरा भएका, विविध कारणले राज्यबाट सेवा सुविधा नपाएका वित्पन्न परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, अशक्त ज्येष्ठ नागरिकले आर्थिकसहायताको लागि गाउँपालिकाको सम्बन्धित वडाकार्यालयमा पेश गरेको निवेदन मनासिव देखिएमा सम्बन्धित वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा गाउँपालिकाले अनुसूची -२ बमोजिम आर्थिक सहायता दिन सक्नेछ ।

(२) नियम ७(१) मा उल्लेखित वेवास्तामा परेका ज्येष्ठ नागरिकलाइ पालनपोषणको लागि उद्धारगरि संरक्षणमा राख्नुपर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम पालनपोषणकोलागि सामाजिक संघ संस्था वा उद्धार गृहसँग संझौतागरी जिम्मा जमानी दिन सकिनेछ।

८. **अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई आर्थिक सहायता** :- (१) आर्थिक रुपले विपन्न अतिअशक्त, अपांग र पूर्ण अशक्तहरुको पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसका आधारमा गाउँपालिकाले अनुसूची - २ वमोजिमको रकम आर्थिक सहायतादिन सक्नेछ ।

(२) आर्थिक सहयोग प्राप्त गर्नआर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, कार्यालयबाट जारी अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहितको आवश्यक कागजातहरु संलग्न गरी गाउँलिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(३) नियम ८(१) मा उल्लेखित अति अशक्त र पूर्ण अशक्त अपांगलाइ पालनपोषणको लागि उद्धारगरि संरक्षणमा राख्नुपर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम पालनपोषणकोलागि सामाजिक संघ संस्था वा उद्धार गृहसँग संझौतागरी जिम्मा जमानी दिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

९. **आर्थिक तथा सामाजिक हितका कार्यक्रमकलागि सहायता :-** (१) यस कार्यविधिमा अन्यन्त्र जे सुकै लेखीएको भएता पनि स्थानीय तथा राष्ट्रिय हित प्रवर्धन गर्ने किसिमका प्रवर्धनात्मक क्रियाकलापहरुलाई प्रोत्साहन गर्नका लागि आयोजना हुने कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राप्त हुन आएका निवेदनका सम्वन्धमा गाउँकार्यपालिकाको निर्णबाट अनुसूची - २ बमोजिमको रकम आर्थिकसहयोग उपलब्ध गराउन सकिनेछ।

१०. **प्राकृतिक प्रकोप वा आकस्मिक दुर्घटना :-** (१) भूकम्प, बाढीपहिरो, चट्याङ, हुरीबतास, आगलागी, महामारी, करेन्टको झड्का, बिषालु पदार्थ सेवन, भिरबाट वा रुखबाट लडेको, जनावरको आक्रमण, सवारी साधनबाट हुने दुर्घटना, मेसिन औजार संचालनबाट हुने दुर्घटना जस्ता प्राकृतिक प्रकोप वा आकस्मिक दुर्घटना कोलागि गाउँपालिकाले अनुसूची - २ मा तोकीएबमोजिम औषदो उपचार खर्च वा आर्थिक सहायता वा राहत प्रदान गर्न सक्नेछ ।

(२) नियम (१) मा उल्लेखित प्राकृतिक प्रकोप वा दुर्घटनामा परेका ब्यक्तिहरुको मृत्यू भएमा कृया खर्च वा गाउँपालिका क्षेत्र भित्र बेवारिसे लाश फेला परेमा वा गाउँपालिका क्षेत्र भित्र कसैले आत्महत्यागरि पोष्टमार्टम गर्नु परेमा लाश ढुवानी बापत गाउँपालिकाले ढुवानी साधनलाइ अनुसूची -२ बमोजिम रकम उपलब्ध गराउने छ । त्यस्तो ढुवानी साधनले लाश ढुवानी गरे बापत वहाल कर तिर्नु पर्ने छैन ।

११. **आर्थिक सहायता प्राप्त गर्न कागजात पेश गर्नु पर्ने :-** यस कार्यविधि बमोजिम आर्थिक सहायता, औषदोपचार खर्च तथा राहत रकम प्राप्त गर्न "विपन्न सहयोग पाउन योग्य व्यक्ति"ले अनुसूची -१ बमोजिमका कागजात संलग्न गर्नु पर्ने छ ।

१२. **आर्थिक सामाजिक रुपले पछी परेको व्यक्तिलाइ सहयता :** वित्पन्न तथा सामाजिक उत्पिडनमा परेका व्यक्तिहरुलाइ जिविकोपार्जन गर्न निजले आर्जन गरेको शिपलाइ प्रवर्धन गर्दै लुगा सिलाउने कल, आरन जस्ता मेसिन तथा औजार बस्तुगत सहायता गाउँपालिकाले प्रदान गर्न सक्ने छ ।

१३. **राजनीतिक पिडित व्यक्तिहरुलाइ आर्थिक सहयोग :** विगतमा भएका विभिन्न राजनैतीक आन्दोलनमा परी अंग भंग भएका, आस्थाका आधारमा बन्दी जिवन बिताएका, चोटपटक सहेका व्यक्तिहरुलाइ कार्यपालिका निर्णय बमोजिम नगद वा बस्तुगत तथा शिपमूलक सहायता प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ३
## विविध

१४. **अधिकार प्रत्यायोजन गर्न सकिने :-** यस कार्यविधि बमोजिम गाउँपालिका अध्यक्षमा निहित आर्थिक सहायता सम्बन्धी अधिकार गाउपालिका उपाध्यक्षलाइ वा कूनै अधिकृत कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **विपन्न आर्थिक सहायता कोष :-** (१) यस कार्यविधि अनुसार आर्थिक सामाजिक रुपमा वित्पन्न व्यक्तिहरुलाइ आर्थिक सहायता दिने प्रयोजनको लागि एक छुट्टै कोष खडा गरने र सोही कोषबाट मात्र आर्थिक सहायता प्रदान गरिने छ ।

(२) वित्पन्न आर्थिक सहायता कोषमा तपशिल बमोजिमको रकम जम्मा गरिने छ ।

(क) गाउँसभाबाट आर्थिक सहायता शिर्षकमा विनियोजित रकमको रकम ।

(ख) संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आर्थिक सहायता शिर्षकमा प्राप्त रकम ।

(ग) सरकारी तथा गैह्र सरकारी संघसंस्था वा दाताहरुबाट आर्थिक सहायत कोलागि प्राप्त सहयोग वा अनुदान ।

१६. **विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनीय अवस्थाका व्यक्तिको पहिचान :-**

(क) गाउपालिकाले आफ्नो क्षेत्रभित्र विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाका व्यक्तिको पहिचान गर्न तथ्याङ्क संकलन गर्न सक्नेछ र त्यस्ता व्यक्तिको लागि छुट्टै रिचयपत्र वा नेपाल सरकारले जारी गरेको प्रमाणपत्रलाई आधार लिन सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(ख) माथि १६ (क) बमोजिमको व्यवस्था नभएसम्म सम्बन्धित वडा अध्यक्षले विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाको व्यक्ति भनी पहिचान सहितको सिफारिसलाई आधार मान्न सक्नेछ ।

(ग) माथि १६(क) र (ख) का व्यक्तिलाई अरुण गाउँपालिकाले आवश्यक सहयोग गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(घ) यस कार्यविधि बमोजिमका व्यक्तिलाई आर्थिक सहायता प्रदानगर्ने क्रममा गाउँपालिका अध्यक्षले रु. ३,०००।- देखी रु. ५०००।- सम्म र सो भन्दा माथिको आर्थिक सहायता रकम गाउँ कार्यपालिकाको निर्णयबाट चेक मार्फत भूक्तानी हुनेछ ।

(ङ) अन्य आवश्यक कागजात उपलब्ध नभइ तिन पुस्ते खुलेको निवेदन मात्रै भएमा पनि गाउँपालिका अध्यक्षले आवश्यकता र औचित्य हेरी विवेक प्रयोगगरि अधिकतम रु. ३०००।- सम्म आर्थिक सहायता प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ तोक आदेश गर्न सक्ने छ ।

(च) सामान्यतः यो कार्यविधि बमोजिम नियम १६(ङ) बाहेक एकपटक कुनैपनि शिर्षकमा भुक्तानी दिइएको व्यक्तिलाई सोही आर्थिक वर्ष भित्र पुनः सिफारिस गरिने छैन । साथै, कुनै पनि व्यक्ति, संस्थालाई यो कार्यविधि बमोजिमको रकम पेश्कीको रुपमा नगद वा चेक वा सोझै रकम उपलब्ध गराईने छैन ।

(छ) यस कार्यविधि बमोजिम खर्च गरिने रकम यस गाउँपालिका भित्रका विपन्न व्यक्तिलाई न्यूनतम गाँस, वास र कपासको लागि आधारभूत सामाग्री उपलब्ध गराउने, न्यूनतम औषधि उपचारको व्यवस्था मिलाउने, औषधि उपचारका लागि परिवहनको व्यवस्था मिलाउने, उद्धारात्मक र उपचारात्म कृयाकलाप संचालन गर्ने गराउने मानविय कार्यको लागि उपयोगमा ल्याउने कार्यमा खर्च गर्नेगरि निर्णय गरिने छ ।

(ज) माथीका खण्डहरुमा जेसुकै लेखिएको भएतापनि एक ब्यक्ति वा एकाघरका ब्यक्तिलाइ रु. २०००।- भन्दा बढी रकम आर्थिक सहायता प्रदान गरिएको भएमा कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(झ) आर्थिक सहायता प्रदान गर्न तोकआदेश गर्ने पदाधिकारीले आवश्यकता, मानवीयता, मितव्ययिता, औचित्यता र पारदर्शिता समेतलाइ मध्यनजरगरि आदेश गर्नु पर्ने छ, सो बमोजिमको गरेको आदेश मन, वचन र कर्मले कर्तव्यनिष्ठ भइ कार्य सम्पादन गर्नु प्रमुख प्रशासकीय अधिकृतको कर्तव्य हुनेछ ।

(ञ) यस कार्यविधि बमोजिम भएको खर्च भूक्तानीको छुट्टै अभिलेख राखी सम्बन्धित व्यक्तिको तीन पुस्ते सहितको विवरण अनुसूची तिन बमोजिम आर्थिक प्रशासन शाखा बाट प्रत्येक महिनाको ७ गते भित्रमा सार्वजनिकीकरण गरिने छ ।

१७. **तोकिएको प्रयोजनमा मात्र खर्च गर्ने :-** विपन्न सहयोग पाउन योग्य व्यक्तिले गाउँपालिकाबाट जुन प्रयोजनकोलागि आर्थिक सहायत लिएको हो सोही प्रयोजनमा मात्र खर्न गर्नु पर्नेछ भने गाउँपालिकाबाट पनि यो कार्यविधिमा तोकीएको बाहेक अन्य शिर्षक एवं प्रयोजनमा खर्च लेख्न पाउने छैन ।

**१८. बाधा अडकाउ फुकाउ आदेशः-**

(क) यस कार्यविधि कार्यान्वयन गन, केही बाधा अडकाउ फुकाउन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्नेछ ।

(ख) यस सम्बन्धी कुनै विषयमा विवाद आएमा कार्यपालिककाको निणअन्तिम हुनेछ ।

**१९. कार्यविधिमा थपघट, परिमार्जन,संशोधन एवं खारेजी :-**

(क) यस कार्यविधिमा कुनै विषय थपघट, परिमार्जन, संशोधन एवं खारेजी गर्ने सम्पूर्ण कार्यपालिकामा निहित हुनेछ ।

(ख) संघिय वा प्रादेश कानूनसँग यस कार्यविधिमा उल्लेखित कुराहरु बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १
(नियम ११ संग सम्बन्धित)

१. **असाध्य रोगी तथा क्यान्सर पीडितलाई आर्थिक सहायता :-**

(क) नियम ३ बमोजिमका असाध्य रोग उपचार गर्न तोकिएको अस्पतालको पूर्जा।
(ख) सम्बन्धित डाक्टरले नियम ३ बमोजिम दिर्घ भनि तोकीदिएको प्रमाण ।
(ग) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।
(घ) विपन्न, असहाय, अशक्त, असक्षम परिचय पत्र वा आर्थिक रुपले वित्तपन्न भनि वडा कार्यालयको सिफारिस ।
(ङ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय ।

२. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई आर्थिक सहायता:-**

(क) प्रहरीमा कारबाही चलाएको प्रमाण वा माइती नेपाल जस्ता महिला तथा बालबालिकाको क्षेत्रमा कामगर्ने संघ संस्थाहरुको सिफारिस वा न्यायिक समितिको निर्णय ।
(ख) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।
(ग) विपन्न, असहाय, अशक्त, असक्षम परिचय पत्र वा आर्थिक रुपले वित्तपन्न भनि वडा कार्यालयको सिफारिस।
(घ) नागरिकता प्रमाण-पत्र वा जन्म दर्ता प्रमाण पत्र।
(घ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय।

३. **आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई आर्थिक सहायता :-**

क) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।
ख) नागरिकता प्रमाण-पत्र वा जन्म दर्ता प्रमाण पत्र।
ग) विपन्न, असहाय, अशक्त, असक्षम परिचय पत्र वा आर्थिक रुपले वित्तपन्न भनि वडा कार्यालयको सिफारिस।
(घ) प्रहरी मुचुल्का वा सर्जमिन मुचुल्का।
(ङ) एच.आई.भी. को हकमा अस्पतालको पूर्जा।
घ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय।

४. **आर्थिक रुपले विपन्न गर्भवती महिलातथा सुत्केरी आमाहरुलाई आर्थिक सहायता :-**

(क) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।
(ख) तीन महिना / छ महिना वा नौ महिनासम्म पनि खान नपुग्ने भनी वडा कार्यालयले प्रमाणित गरिदिएको सिफारिस।
(ग) नागरिकता प्रमाण पत्र।
(घ) अस्पतालको नियमित गर्भ जाँच पूर्जा।
(ङ) पहिलो वा दोश्रो गर्भ भएको प्रमाण।
(च) एम्बुलेन्स भाडाको हकमा ड्राइभर लाइसेन्स, ब्लु-बुक र भर्पाइ।
(छ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय।

प्रमुख प्रशासकीय अधिकृत

५. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई आर्थिक सहायता :-**

(क) सम्बन्धित ब्यक्तिको निवेदन।

(ख) नगारिकता प्रमाण पत्र वा सर्जमिन मूचुल्का।

(ग) संरक्षक वा पालन पोषण गर्ने व्यक्ति नभएको भनि वडा कार्यालयको वा प्रहरी कार्यालयको सिफारिस वा मुचुल्का।

(घ) खान नपुग्ने भनी वडा कार्यालयले प्रमाणित गरिदिएको सिफारिस ।

(ङ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय।

६. **अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई आर्थिक सहायता :-**

(क) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।

(ख) पालनपोषणको लागि संरक्षक नभएको र खान लाउन नपुग्ने व्यहोराको सम्बन्धित वडा कार्यलयको सिफारिस ।

(ग) नागरिकता प्रमाण पत्र ।

(घ) वर्ग खुलेको अपाङ्गता परिचय पत्र ।

(ङ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय ।

७. **आर्थिक तथा सामाजिक हितका कार्यक्रमकलागि सहायता :-**

(क) आर्थिक तथा सामाजिक हित खुल्ने प्रमाण।

(ख) खर्च औचित्य खुल्ने प्रमाण

(ग) संघ संस्था भएमा दर्ता, करचुक्ता प्रमाण पत्र, अधिल्लो आ.ब.को अडीट प्रतिवेदन ।

(घ) गाउँकार्यपालिकाको निर्णय वा कार्यपालिका निर्णय ।

८. **प्राकृतिक प्रकोप वा दुर्घटना :-**

(क) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।

(ख) प्रहरी मुचुल्का ।

(ग) वडा कार्यालयको सिफारिस ।

(घ) पोष्टमार्टम प्रयोजन शव ढुवानीको हकमा ढुवानी साधनको ब्लु-बुक, चालकको लाइसन ।

(ङ) कृया खर्चको हकमा मृत्यू दर्ता प्रमाणपत्र समेत ।

(च) औषदोपचारको हकमा अस्पताल को पूर्जा र मूल्य खुलेको औषदी विवरण ।

(छ) गाउँपालिका अध्यक्षको तोक आदेश वा कार्यपालिका निर्णय ।

९. **राजनीतिक पिडित व्यक्तिहरुलाइ आर्थिक सहयोग:-**

(क) सर्जमिन मूचुल्का।

(ख) वडा समितिको सिफारिस

(ग) पिडित भएको कारण सहितको निवेदन

(घ) कार्यपालिकाको निर्णय।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २
(परिच्छेद -२ संग सम्बन्धित)

१. असाध्य रोगी तथा क्यान्सर पीडितलाई आर्थिक सहायता :-

| | विपन्न सहयोग पाउन योग्य व्यक्ति | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | सवै असाध्य रोग पिडित हरुलाइ | उपचार खर्च | १५,०००।- | एक मूष्ठ |
| ख. | सवै किसिमका क्यान्सर रोग पिडितहरुलाइ | उपचार खर्च | १५,०००।- | एक मूष्ठ |
| ग. | कडा खालको दम नियमित अक्सीजन सेवन | उपचार खर्च | मसिक रु.५००।- | |

२ हिंसा पीडित तथा बेचविखनमा परेकालाई आर्थिक सहायताः-

| | विपन्न सहयोग पाउन योग्य व्यक्ति | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | घरेलु हिंसा पिडित | (प्रहरीमा कारबाही चलाए पछी) | १०,०००।- | |
| ख. | यौन हिंसा र बेचविखनमा परेका महिलाहरुको उद्धार तथा कानूनी उपचारको लागी गरिने आर्थिक सहायता पाउने व्यक्ति | प्रहरीमा कारबाही चलाए पछी | १०,०००।- | |
| ग. | न्यायीक समितिको सिफारिस बमोजिम आर्थिक सहायता पाउने | कार्यपालिकाको निर्णय | का.पा निर्णय रकम | |

३ आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई आर्थिक सहायता :-

| | विपन्न सहयोग पाउन योग्य व्यक्ति | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको | उद्धारगरि माथवर मानिसको जिम्मा लगाए पछी | . ५०००।- | |
| ख. | बेवारिसे अवस्थामा फेला परेको | संरक्षणकोलागि माथवर ब्यक्तिको जिम्मा लगाए पछी | ५,०००।- | |
| ग. | जवरजस्ती श्रमबाट पीडित | प्रहरी कारबाही चलाए पछी | ५,०००।- | |
| घ. | शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुरब्यवहार पीडित | प्रहरी कारबाही चलाए पछी | ५,०००।- | |
| ङ. | दूर्घटना परि वैवारिसे भएको | उद्धारगरि औषदोपचार गर्न | १५,०००।- | |
| च. | आमा वा संरक्षकबाट वञ्चित | माथवर व्यक्तिको जिम्मा लगाइ | का.पा.निर्णय | |
| छ. | अपहरण, शरीर बन्धकमा परेको | माथवर व्यक्तिको जिम्मा लगाइ | ५,०००।- | |
| ज. | सडक बालबालिका | माथवर व्यक्तिको जिम्मा लगाइ | का.पा.निर्णय | |
| झ. | एच.आई.भी. एड्सबाट संक्रमित | उपचार खर्च | १५,०००।- | एक मूष्ठ |
| ञ. | नियम ५(२) बमोजिम उद्धार गरि पालन पोषण तथा शिक्षा दिक्षामा लगानी गर्नु परेमा सभाबाट बिनियोजन रकम भित्र रही कार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ । | | | |

प्रमुख प्रशासकीय अधिकृत

४ गर्भवती महिला तथा सुत्केरी स्याहार कार्यक्रम आर्थिक सहायता:-

| | विपन्न सहयोग पाउन योग्य व्यक्ति | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | नवजात शिसुको स्वागत तथा उज्वल भविश्यको कामना र गाउँपालिकामा उल्लख्य योजदान पुर्यायिनुहुने अपेक्षा सहित आमा र बच्चाको शुस्वास्थ्यको कामना सहित | सुत्केरी स्याहार तथा पोषण | २५००।- | |
| घ. | छ महिना भन्दा वढी खान नपुग्ने बिपन्न परिवारका गर्भवती सुत्केरी गराउन भोजपुर वा धरान रिफर गर्नु पर्ने गर्भवती | नियमित गर्भजाँच, पि.एच.सी. को रिफर बमोजिम एम्बुलेन्स भाडा एम्बुलेन्सलाइ नै भूक्तानी गरिदिने | भोजपुरको हकमा २०००।- धरानको हकमा रु. ८०००।- | |

५ बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई आर्थिक सहायता :-

| | विपन्न सहयोग पाउन योग्य व्यक्ति | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | परिवारका सदस्यबाट बेवास्ता गरेका, पालनपोषण गर्ने संरक्षक नभएका अशक्त ज्येष्ठ नागरिक | जेष्ठ नागरिकको हकमा ७० बर्ष पुरा भएका सरकारी स्तरबाट अन्य कूनै सुविधा नपाएका | मासिक १,०००।- | |
| ख. | परिवारका सदस्यबाट बेवास्ता गरेका, पालनपोषण गर्ने संरक्षक नभएका अशक्त ज्येष्ठ नागरिक | पालनपोषणको लागि उद्धारगरि संरक्षणमा राख्नुपर्ने भएमा सामाजिक संघ संस्था वा उद्धार गृहसँग संझौता गरी कार्यपालिकाको निर्णय बमोजिम पालन पोषणकोलागि जिम्मा जमानी दिने | संझौता बमो जिम बार्षिक रु. ४८,०००।- सम्म | |

६. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई आर्थिक सहायता :-

| | विपन्न सहयोग पाउन योग्य व्यक्ति | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | विपन्न अशक्त, अपांगहरुको पालन पोषणको गर्नुपर्ने व्यक्ति | क र ख वर्गका अपाङ्ग बाहेक अरुवर्गका अपाङ्ग | मासिक रु. ५००।- | |
| ख. | अति अशक्त र पूर्ण अशक्त अपांग | पालनपोषणको लागि उद्धारगरि संरक्षणमा राख्नुपर्ने भएमा सामाजिक संघ संस्था वा उद्धार गृहसँग संझौतागरी कार्यपालिकाको निर्णय बमोजिम पालनपोषणकोलागि जिम्मा जमानी दिन सकिनेछ। | संझौता बमो जिम बार्षिक रु. ४८,०००।- सम्म | |

प्रमुख प्रशासकीय अधिकृत

## ७. आर्थिक, सामाजिक तथा प्रतियोगितात्मक कार्यक्रमकलागि सहायता :-

| विपन्न सहयोग पाउन योग्य व्यक्ति | | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | अरुण गाउँपालिका आर्थिक सामाजिक हित गर्ने व्यक्ति | क.पालिका स्तरिय प्रतियोगिता एकल<br>ख.पालिका स्तरिय प्रतियोगिता समुह<br>ग. राष्ट्रिय स्तरिय प्रतियोगता एकल<br>घ. राष्ट्रिय स्तरिय प्रतियोगता समुह | क. ५,०००।-<br>ख. १०,०००।-<br>ग. १०,०००।-<br>घ. १५,०००।- | |
| ख. | अरुण गाउँपालिका आर्थिक सामाजिक हित गर्ने व्यक्ति | कार्यपालिका ले उचित ठहर्याइ निर्णय गरे बमोजिम | अधिकतम रु. १५००० सम्म पुरस्कार | कर कट्टी हुने छ । |

## ८. प्राकृतिक प्रकोप वा दुर्घटना :-

क.

| विपन्न सहयोग पाउन योग्य व्यक्ति | | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | भूकम्प, जनावरको आक्रमण, सवारी साधनबाट हुने दुर्घटना, करेन्टको झड्का, मेसिन औजार संचालनबाट हुने दुर्घटना जस्ता प्राकृतिक प्रकोप तथा दुर्घटना पिडित | औषदी उपचार, आर्थिक सहायता (क्षति पुर्ती दिन नमिल्ने) | ५०००।- | |
| ख. | चट्याङ, हुरीबतासबाट पिडित | घर निर्माण सहयोग | ३ बण्डल जस्ता | |
| ग. | आगलागीबाट पिडित | घर निर्माण सहयोग | तत्काल पाल, खाद्यान्न र ३ बण्डल जस्ता पाता र ५ देखी १० हजार नगद | |
| घ. | बाढीपहिरो पिडित | बास स्थानान्तरण, औषदोपचार | का.पा.निर्णय बमो जिम | |
| ङ. | भिरबाट वा रुखबाट लडेको | औषदोपचार सहयोग | ५०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

(ख)

| विपन्न सहयोग पाउन योग्य व्यक्ति | | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | भूकम्प, बाढी पहिरो, हुरीबतास, आगलागी, भिर वा रुखबाट लडेर, पानीमा डुबेर, जनावरको आक्रमणबाट, सवारी साधन दुर्घटनाबाट, करेन्टको झड्काबाट, मेसिन औजार संचालनबाट र यस्तै दुर्घटना वा प्राकृतिक प्रकोपबाट मृत्यू भएमा मृतकको हकदार | कृया खर्च | १५,०००।- | |
| ख. | माथि (क) बमोजिमको दुर्घटना वा प्राकृतिक प्रकोप वा आत्म हत्याबाट मृत्यूभइ पोष्टमाट्रम गर्नु परेमा लाश ढुवानी बापत सम्बन्धित मृतकको हकदार | लाश ढुवानी खर्च | ५००० देखी १५,०००।- सम्म | |

ग. माथि अनुसूची क र ख मा जे सुकै लेखिएको भएतापनि कुनै एक व्यक्तिलाइ एउटा शिर्षकबाट आर्थिक सहायता प्रदान गरिसकेपछी सोही आ.ब.मा त्यही व्यक्तिलाइ अर्को शिर्षक वा विपद् व्यवस्थापन शिर्षकबाट दोहोरो पर्नेगरी आर्थिक सहायता दिइने छैन ।

**९. राजनीतिक पिडित व्यक्तिहरुलाइ आर्थिक सहयोगः-**

| सहयोग पाउन योग्य व्यक्ति | | सहयोगका शर्त | रहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. | राजनैतीक आन्दोलनमा परी अंग भंग भएका, आस्थाका आधारमा बन्दी जिवन बिताएका, चोटपटक सहेका | राजनीतिक सम्मान | नगद, बस्तुगत वा शिपमूलक, ५,०००-१५,००० सम्म | |

हुरी बतास, बाढीपहिरो, आगलागी जस्ता प्रकोप पिडितलाइ रु.५,०००।- भन्दा बढी को आर्थिक वा बस्तुगत सहयोग उपलब्ध गराउँदा प्राविधिक नाप जाँच प्रतिवेदा अनुवार्य पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - ३
(नियम १६ को (ञ) संग सम्बन्धित)

| क्र. सं. | सहायता पाउने व्यक्तिको नाम | ता/पतिको नाम | बाजेको नाम | ठेगाना | संपर्क नं. | प्रयोजन | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ... | | | | | | | | |
| ... | | | | | | | | |